# नेपाल बार एशोसिएशन

रामशाहपथ, काठमाडौं
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३९
इमेल : info@nepalbarassociation.org.np
neba@nepalbar.org.np
वेब : www.nepalbar.org.np


प.सं. ४१९६/०८२-०८३

नेपाल संवत् ११४६ मिति: २०८३ बैशाख २५ गते ।

श्री अध्यक्षज्यू
सर्वोच्च अदालत बार एशोसिएशन ।
सम्पूर्ण उच्च अदालत बार एशोसिएशनहरु ।
विशेष अदालत बार एशोसिएशन ।
सम्पूर्ण जिल्ला अदालत बार एशोसिएशनहरु ।

विषय : सदस्यता नवीकरण सम्बन्धमा ।

महोदय,

नेपाल बार एशोसिएशनको विधान, २०४८ को धारा ७(२) मा "हरेक वर्षको असार महिना भित्र वार्षिक सदस्यता शुल्क बुझाई सदस्यता नवीकरण गर्नु पर्नेछ । तर केन्द्रीय कार्यसमितिको निर्वाचन हुने वर्ष बाहेक अन्य वर्षमा कार्यसमितिले उपयुक्त ठहराएमा त्यसपछि पनि वार्षिक शुल्क बुझि लिई सदस्यता नवीकरण गरी दिन सक्नेछ" भन्ने प्रावधान रहेको सर्वविदितै छ ।

वि.सं. **२०८४ सालमा सम्पन्न हुने नेबाए केन्द्रीय कार्यसमितिको निर्वाचनमा सहभागी हुन चाहने सम्पूर्ण सदस्य मतदाताले आफ्नो बार एकाईको सदस्यता आ.ब. २०८३/०८४ र आ.व. २०८४/०८५ को नवीकरण गर्नुपर्ने छ ।** सो क्रममा **यस आ.ब.को लागि असार मसान्तभित्र सदस्यता नवीकरण कार्य सम्पन्न गर्नुपर्ने छ ।** वि.सं. २०८३ साल असार मसान्त पश्चात सदस्यता प्राप्त वा नवीकरण गर्ने सदस्य वि.सं. २०८४ मा सम्पन्न हुने नेबाएको केन्द्रीय कार्यसमितिको निर्वाचनमा सहभागी हुन नपाउने व्यवस्था विधानले गरेको स्मरण गराउँदछौं ।

विधानको दफा ५(ख) अनुसार **वरिष्ठ अधिवक्ता र अधिवक्ताको हकमा नेपाल कानून व्यवसायी परिषद्मा सदस्यता अद्यावधिक समेत गराएको हुनुपर्ने किटानी ब्यवस्था रहेको बेहोरा समेत अवगत गराउन चाहन्छौं ।**

अतः उपरोक्त प्रावधानको परिपालनार्थ बार एकाइमार्फत् सदस्यहरुको सदस्यता नवीकरण कार्य २०८३ असार मसान्तभित्र सम्पन्न गरी विधान अनुरुप सोही अवधिभित्र वार्षिक सदस्यता शुल्क वापतको रकम सम्बन्धित बार एकाइको बैंक खातामा जम्मा गरेको बैंक भौचर, बैंक स्टेटमेन्टको फोटोकपी, सदस्यहरुको नामावली (पुरा नाम, किसिम र प्र.प.नं. अनिवार्य रुपमा शुद्धताकासाथ उल्लेख गर्नुपर्ने) र आ.व. २०८३/०८४ को वार्षिक सदस्यता शुल्कको २५% शुल्क समेत एकैसाथ बैंक जम्मा गरेको भौचर सहित पठाइदिनुहुन अनुरोध गर्दछौं ।

**उक्त विवरण र सूची २०८३ साउन १५ गते भित्र अनिवार्यतः नेबाए केन्द्रीय कार्यालयसमक्ष दाखिल गर्नुपर्ने बेहोरा समेत सादर अनुरोध गर्दछौं । सो समयावधि पश्चात प्राप्त हुने विवरणहरुको अभिलेखिकरण केन्द्रीय कार्यसमितिको निर्वाचन प्रयोजनार्थ हुन नसक्ने समेत जानकारी गराईन्छ ।**

| पद | सदस्यता शुल्क |
|---|---|
| सम्पूर्ण वरिष्ठ अधिवक्ता | रु. १०००/- |
| १५ वर्ष नाघेका अधिवक्ता (प्र.प.नं. १ देखि १३१४६) | रु. ६००/- |
| ५ वर्ष देखि १५ वर्ष ननांघेका अधिवक्ता (प्र.प.नं. १३१४७ देखि १८९६६) | रु. ४००/- |
| ५ वर्षसम्मका अधिवक्ता (प्र.प.नं. १८९६७ देखि माथि सबै) | रु. २००/- |
| सम्पूर्ण अभिवक्ता र अभिकर्ता | रु. २००/- |

हार्दिक धन्यवाद सहित,

वरिष्ठ अधिवक्ता केदार प्रसाद कोइराला
महासचिव

नोट :-
१. नेबाएको विधान बमोजिम सदस्यता शुल्कको ७५ प्रतिशत आ-आफ्नो बार एकाईको बैंक खातामा जम्मा गरी बैंक भौचर अनिवार्य रुपमा एकाईमा राखी सोको २५ प्रतिशत रकम नेबाए केन्द्रीय कार्यालयमा बुझाउनु पर्ने ।
२. नेबाएको खाताहरु- राष्ट्रिय बाणिज्यं बैंक लि., पुतलीसडक शाखा चल्ति खाता नं. ११३०१००००४३०६००१ र ग्लोबल आईएमई बैंक लि. को चल्ति खाता नं. ३०१०१०१०००१०३२ मा रकम दाखिला गरि भौचर अनिवार्य रुपमा पठाउनु पर्नेछ ।
३. नामावली पठाउँदा कानूनब्यबसायीको पुरा नाम, सही प्र.प्र.नं., किसिम सहित बार एकाइ नदोहोरने गरी पठाउनु हुन समेत अनुरोध गर्दछौं । इमेलबाट पठाईएको विवरणका सम्बन्धमा अनिबार्य रुपमा फोन गरी सुनिश्चित गर्नुपर्नेछ ।


केन्द्रीय कार्यसमिति
(२०८२-२०८५)

**अध्यक्ष**
वरिष्ठ अधिवक्ता प्रा.डा. विजयप्रसाद मिश्र

**उपाध्यक्ष**
अधिवक्ता पदम प्रसाद लिम्बु
अधिवक्ता भूपेन्द्र खनाल
अधिवक्ता सरस्वती श्रेष्ठ
अधिवक्ता अजय शंकर झा "रुपेश"
अधिवक्ता विवसकुमार बस्नेत
अधिवक्ता कृष्ण प्रसाद पोखरेल
अधिवक्ता तेज बहादुर रावल
अधिवक्ता सिद्ध राज ओझा

**महासचिव**
वरिष्ठ अधिवक्ता केदार प्रसाद कोइराला

**कोषाध्यक्ष**
वरिष्ठ अधिवक्ता जगत बहादुर कार्की

**सचिव**
अधिवक्ता बाबुराम अर्याल

**सदस्यहरु**
वरिष्ठ अधिवक्ता राजकुमार श्रेष्ठ
अधिवक्ता मंगल सुन्दर शिल्पकार
अधिवक्ता किरण न्यौपाने
अधिवक्ता शारदा गुरुङ
अधिवक्ता दमन बहादुर चन्द
अधिवक्ता सूर्य कुमार यादव
अधिवक्ता डा. मुकुन्द अधिकारी
अधिवक्ता रंजिता कार्की
अधिवक्ता माधव मैनाली
अधिवक्ता रिंकु कुमारी यादव
अधिवक्ता किरण पौडेल
अधिवक्ता इन्दिरा आचार्य
अधिवक्ता चिरञ्जीवी तिल्क्यानी